# नेपाल प्रहरी

# मानव बेचबिखन अनुसन्धान ब्युरो

## बबरमहल, काठमाण्डौ ।

प्रेस

मितिः २०७६/०२/३१ गते ।

**“वैदेशिक रोजगारीको आवरणमा १५ जना नेपालीलाई अवैध रुपमा लिविया पुऱ्याई मानव वेचबिखन तथा ओसारपसार गर्ने अभियुक्तहरु पक्राउ”**

## केशको बिबरण :-

परिबर्तित नाम सिंहदरबार २८ समेतका १५ जना पिडितहरुलाई लोकमान राई समेतका अभियुक्तहरुले लिवियाको त्रिपोली र मिश्राता भन्ने स्थानहरुमा तथा लिबिया हुँदै इटालीमा लगी आकर्षक रोजगारीको प्रलोभनमा पारी अभियुक्तहरु तहगत रुपमा संगठित भई नेपालको काठमाण्डौ लगायतका स्थानहरुबाट मानिसहरुलाई प्रलोभनमा पार्ने र काठमाण्डौ ल्याउने तथा भिषा लगाउने समेतको लागी भनि प्रतिब्यक्ति ५ लाख देखि ८ लाख सम्म रकम असुल गरी, काठमाण्डौबाट नयाँदिल्लीमा पुऱ्याएपछि पाकिस्तानी र लिवियन नागरिकहरु समेत भई दुबई पुऱ्याउने र दुबईबाट ट्यूनिशिया हुँदै लिवियाको त्रिपोली र मिश्राता समेतका स्थानहरुमा लगी पिडितहरुको पासपोर्ट, नगद तथा भिषा समेतका कागजातहरु खोसी लिई बन्धक बनाई पाकिस्तानी बंगलादेशी र लिबियन नागरिकहरु भई तयार गरेको **SHELTER** मा राखी पर्याप्त खाना समेत नदिई **SHELTER** बाटै बिभिन्न कम्पनीहरुमा पिडितहरुलाई काम गर्न बाध्य पारी काम गरेको पारिश्रमिक समेत नदिई बाँधाको रुपमा राखी शोषण गरि अभियुक्तहरुले मानव बेचबिखन तथा ओसारपसारको कसुर अपराध गरेकोमा पिडितहरुलाई यस ब्यूरो, लिवियामा शान्ति स्थापनार्थ रहेको नेपाली सेना र अन्तराष्ट्रिय आप्रवासी संगठन (IOM) को संयुक्त पहल र प्रयासबाट उद्दार भई पिडितहरु नेपाल फिर्ता भएको मानब बेच बिखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४ बमोजिमको मुद्दामा तहगत रुपमा संगठित भइ पिडितहरुलाई बेचबिखन तथा ओसार पसार गर्ने कसुरमा संलग्न रहेका अभियुक्तहरुको खोजतलास गर्दै जाँदा मिती २०७६।२।३० गते काठमान्डौका बिभिन्न स्थानहरुबाट निम्न अभियुक्तहरुलाई पक्राउ गरी थप अनुसन्धान कार्य जारी गरीएको र अन्य अभियुक्तहरुको खोजतलासको कार्य जारी रहेको।

**पक्राउ अभियुक्तहरूको विवरण**

१) नाम थर — राहुल गहतराज, तिर्थ बहादुर बिश्वकर्मा भन्ने राहुल थापा उमेरः- ३६ बर्ष
ठेगानाः- जि. खोटाङ, चिसापानी घर भई हाल काठमाण्डौ बस्ने

२) नाम थरः- कमल भन्ने लोकमान राई उमेरः- ४४ बर्ष
ठेगानाः- जि. सखुवासभा

**नोटः** अभियुक्त कमल भन्ने लोकमान राईले यस अघि बिभिन्न पिडितहरुलाई टर्की लैजाने भनि मानव वेचबिखन तथा ओसारपसारको कसुर अपराध गरेको भन्ने जाहेरी परेको मुद्दामा केन्द्रीय अनुसन्धान ब्यूरो (CIB) बाट मिति २०७४।०९।२४ मा पक्राउ परी मुद्दा दायर हुँदा सम्मानित अदालतको मिति २०७४।१०।०८ को आदेशबाट तत्काल पुर्पक्षको लागि थुनामा परेकोमा पछि रु.१०,००,०००।- धरौट रकम जम्मा गरी छुटेको ।

**कानुनी प्रावधान :-**

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ अनुसार अनुसन्धान र कार्वाहि हुने।

**थप जानकारीको लागी :**

प्र.उ. अनुपम शमशेर ज.ब.रा.: ९८५११३१९७८